# तिलाठी कोईलाडी गाउँपालिका

## तिनाठी कोईनाडी गाउँपानिका

### गाउँ कार्यपालिकाको कार्यालय

तिलाठी, सप्तरी
मधेश प्रदेश, नेपाल

EmailID:tilathikoiladigp@gmail.com
सम्पर्क नं. : ९८५२८२२२२५

प.सं. :- २०८१।०८२
च.नं. :-

मिति : २०८२।०२।२५

विषय : भुक्तानी बन्द हुने सम्बन्धमा ।

**सूचना ।** **सूचना ॥** **सूचना ॥।**

उपरोक्त सम्बन्धमा महालेखा नियन्त्रक कार्यालय अनामनगर काठमाण्डौको प.सं.२०८१।०८२ च.नं. १४२ र मिति २०८२।०२।२० गतेको प्राप्त पत्रानुसार आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम ७ मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष समाप्त हुन भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अधावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने कानुनी प्रावधान रहेको व्यवस्था रहेको छ । सोही सन्दर्भमा यस कार्यालयको आर्थिक कारोबार स्थानिय संचितकोष व्यवस्थापन प्रणाली **(SUTRA)** बाट हुदै आएकोमा २०८२ असार २४ राति १२ बजे **(SUTRA)** बन्द भई सम्पुर्ण आर्थिक कारोबार बन्द हुने व्यहोरा अवगत नै छ ।

तसर्थ यस कार्यालयबाट चालु आर्थिक वर्ष २०८१।०८२ का लागि स्वीकृत भएका बजेट, योजना/कार्यक्रमहरुको लागि कार्यालयबाट सम्झौता भई कार्यदेश लिई सकेका र भुक्तानी लिन बाँकी यस कार्यालय वा अन्तर्गतका कार्यालयहरू विषयगत शाखाहरु, व्यक्ति, फर्म सप्लायर्स, आपुतिकर्ता, परामर्शदाता, निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरु लगायतका सम्पूर्ण सरोकारवालाहरुले निर्धारित समय भित्र भुक्तानी कार्यमा अत्यधिक चाप हुने, जसले गर्दा सुत्र प्रणालीमा पनि सोही अनुरुप चाप पर्ने भएकोले मिति २०८२।०३।१५ समय सिमा भित्र नियमानुसार सम्पूर्ण कागजात पेश गरि भुक्तानी तथा फरफारक गर्नु गराउनु हुन साथै तोकिएको समय सिमा भित्र कार्यालयमा सम्पुर्ण कागजात पेश नगरी भुक्तानी जोखिम तथा अर्को आ.व.मा बढ्न सक्ने दायित्व बारे सचेत भई भुक्तानी नलिएमा सरोकारवालहरु स्वयं जिम्मेवार हुने व्यहोरा यसै सूचना मार्फत जानकारीको लागि अनुरोध छ ।

..............................
**उपेन्द्र कुमार मंडल**
**लेखापाल**

..............................
**सरोज कुमार कर्ण**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकिय अधिकृत

**बोद्यार्थ :**

१) श्री गा.पा. अध्यक्ष ज्यु, तिलाठी कोईलाडी गाउँपालिका,तिलाठी ।
२) श्री गा.पा. उपाध्यक्ष ज्यु, तिलाठी कोईलाडी गाउँपालिका,तिलाठी ।
३) श्री सबै वडा अध्यक्ष ज्यु, तिलाठी कोईलाडी गाउँपालिका,तिलाठी ।
४) श्री योजना शाखा, तिलाठी कोईलाडी गाउँपालिका,तिलाठी ।
५) श्री सामाजिक विकाश शाखा, तिलाठी कोईलाडी गाउँपालिका,तिलाठी ।
६) श्री जिन्सी शाखा, तिलाठी कोईलाडी गाउँपालिका,तिलाठी ।
७) श्री बिषयगत सम्पूर्ण शाखाहरु, तिलाठी कोईलाडी गाउँपालिका,तिलाठी ।
८) श्री सबै वडा कार्यालयहरु, तिलाठी कोईलाडी गाउँपालिका,तिलाठी ।
९) श्री सबै सामुदायिक विद्यालयहरु, तिलाठी कोईलाडी गाउँपालिका,तिलाठी ।
१०) श्री सबै सरोकारवाला ।